हरिवन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही, मधेश प्रदेश, नेपाल

**करारमा सेवा लिने सम्बन्धी सूचना**

हरिवन नगरपालिका कार्यपालिकाको कार्यालय हरिवन, सर्लाही मधेश प्रदेश, नेपाल

**सूचना नम्वर २**

(सूचना प्रकाशित मिति : २०७९/०४/०७ गते)

हरिवन नगरपालिकामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन गर्ने कार्य सम्पन्न गर्न स्थापित सेवा केन्द्रका लागि निम्न पदको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र राजश्व तिरेको रसिदसहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालय वा वेवसाइट www.harionmun.gov.np बाट उपलब्ध हुनेछ। यस नगरपालिकाको प्रचलित कानुन बमोजिम कर्मचारीको छनौट हुनेछ।

| क्र.सं. | विज्ञापन नम्वर | पद नाम | संख्या |
|---|---|---|---|
| १ | २/२०७९/८० | सर्भेक्षक | २ जना |

**न्यूनतम योग्यता :**

१. नेपाली नागरिक।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे विषयमा ३ वर्षे डिप्लोमा उत्तीर्ण वा १०+२ उत्तीर्ण गरी सर्भे सम्बन्धी जुनियर तालिम लिएको।
३. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।
४. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

**परिक्षाको किसिम :** अन्तर्वार्ता।

**परिक्षा दस्तुर :** रु. ७००/- (सात सय) बुझाउनु पर्नेछ।

**करार अवधि :** सम्झौता बमोजिम।

**पारिश्रमिक तथा सुविधा :** नगरपालिकाले तोके बमोजिम।

**दरखास्तमा संलग्न गर्नुपर्ने :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित छाया प्रति, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित छाया प्रति, अनुभवको प्रमाणित छाया प्रति संलग्न हुनु पर्नेछ। पेश गरिने सबै छाया प्रति को पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

**यस नगरपालिकाका वासिन्दाहरुलाई प्राथमिकता दिइने छ।**

प्रमुख प्रशासकीय अधिकृत